आज मिति २०८३ साल बैशाख महिनाको १६ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक वसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय :बिहान ११:०० बजे** **बैठक नं – ६६**

## उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र वहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म वहादुर बटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप बोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | सदस्य | |
| १४. | श्री बन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६. | श्री करन नेपाली | सदस्य | |
| १७. | श्री जगत बहादुर दर्जी | सदस्य | |
| १८. | श्री निरक कुमार शाह | नि.प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

**आमन्त्रीत:**

| | | | |
|---|---|---|---|
| १. | टेक बहादुर महतारा | प्रशासकीय अधिकृत | |
| २. | [illegible] | योजना शाखा | |
| ३. | [illegible] | इ. म. | |
| ४. | | | |

**सहयोगी कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | गगन के. बुढा | का.स | |

Scanned with CamScanner



Scanned with CamScanner

**प्रस्तावहरू**

१. झो.पु. योजना माग सम्वन्धमा।

२. रुप्सा वर्थिङ सेन्टर मर्मत सम्वन्धमा।

३. मंगला सैनि मा.वि. को पक्की भवन माग सम्वन्धमा।

४. नरहरिनाथ ८ को वडाँ कार्यालय तला थप योजना माग सम्वन्धमा।

५. आयोजना/ कार्यक्रम छनोट गरि पठाँईएको सम्वन्धमा ।

६. IRIS Devide खरिद तथा जडान सम्बन्धमा ।

७. भेडा प्रवर्द्धन कार्यक्रम छनोट सम्बन्धमा ।

८. नयाँ भेडा बाखा पकेट कार्यक्रम छनोट सम्वन्धमा ।

९. विविध सम्वन्धमा ।

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकामा भौगोलिक विकताका कारण विभिन्न वडाँ कार्यालयहरुमा र वस्तिमा आवत गर्न कठीन भएकोले प्रदेश तथा संघीय सरकारको सम्वन्धित निकाय सँग तपसिल बमोजिको स्थानमा झोलेङ्गे पुल निर्माण योजना माग गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १. | कालेखोला झो.पु निर्माण योजना | नरहरिनाथ, ०५ रुप्सा | |
| २. | सैनेखोला झो.पु निर्माण योजना | नरहरिनाथ-०३ | |
| ३. | खुलालु रहगाड खोला झो.पु. निर्माण योजना | नरहरिनाथ-०२ | |
| ४. | मानीघट्ट झो.पु. निर्माण योजना | नरहरिनाथ-०९ | |
| ५. | दोघाट झो.पु.निर्माण योजना | नरहरिनाथ-०९ | |

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका वडँ नं. ५ मा रहेको वर्थिङ्ग सेन्टरको अधुरो रहि सँचालन गर्न असहज भएकोले बाँकी रहेको काम गर्ने र भुक्तानी बाँकी रहेमा आ.व. २०८३/०८४ न बाँकी भुक्तानीको दायित्व लिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत वडा नं. ८ मा रहेको श्री मंगलासैनी मा.वि. भवन निर्माण गर्नुपर्ने भएकोले संघीय सरकार सँग उक्त विद्यालयको ८ कोठे पक्की भवन तथा पूर्वाधार निर्माणको योजना माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका अन्तरगत वडा नं. ८ को वडा कार्यालय भवन १ तला मात्र भएकोमा उक्त भवनबाट सेवा प्रबाह गर्न कठिन भएकोले थप तला निर्माणको लागि सम्बन्धित निकाय सँग वडा कार्यालयको तला थप योजना माग गर्ने निर्णय गरियो ।

Scanned with CamScanner



Scanned with CamScanner

**निर्णय**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजाम मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत को आर्थिक वर्ष २०८३/०८४ का लागि ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना/ कार्यक्रमका कार्यन्वयनका लागि प्रस्ताव आव्हान भएकोमा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु छनोट गर्ने निर्णय गरियो।

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | रातीमाटा देखि लाउनतला हुँदै दल्लेना सम्म सडक निर्माण | नरहरिनाथ-०७ | रु.३५,००,०००। | |
| २. | वडा नं. ४ को वडा कार्यालय भवन निर्माण | नरहरिनाथ-०४ | रु.३५,००,०००। | |
| ३. | डाँडाँखर्क देखि गाउँपालिका केन्द्र सम्म PCC सहित रेलिङ्ग बाटो निर्माण | नरहरिनाथ-०३ | रु.१०,००,०००। | |
| ४ | नन्दादेवी माईको मन्दिर निर्मण | नरहरिनाथ-०२ | रु.१०,००,०००। | |
| ५. | बाउँनगाउँ देखि रानीखेत सम्म सडक स्तरोउन्नती | नरहरिनाथ ८ र ९ | रु.१०,००,०००। | |

**निर्णय नं. ६**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको पहिचान, दर्ता तथा नविकरणलाई व्यवस्थित बनाउन राष्ट्रिय परिचय पत्र व्यवस्थापन सूचना प्रणालीसँगको अन्तर आवद्धतामार्फत जैविक प्रमाणीकरण मार्फत हुँदै आएकोमा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु विशेषगरी जेष्ठ नागरिकहरुको हकमा औंठा छाप (Finger Print) बाट प्रमाणिकरण गर्ने कार्य गर्न असहज भएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट स्वीकृत IRIS Device खरिद र जडान गरि लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमबाट स्थानीय तहमा संघीय सरकारवाट हस्तान्तित कार्यक्रम भेडा प्रर्वद्धन कार्यक्रममा भएको प्रस्तावना आब्हान र अनुगमनका आधारमा कालिका भेडा फर्मको कृषक श्री धन बहादुर सहकारीलाई ५० प्रतिशत लगानी साझेदारी गर्ने गरि कार्यक्रम छनोट गरि कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार संघीय सरकारबाट स्थानीय तहमा हस्तान्तित नयाँ भेडावाखा पकेट कार्यक्रम अन्तरगत यस गाउँपालिकामा पेश गरेका प्रस्तावना माथी अनुगमन गर्दा तपसिलका कृषक फर्म तथा समुहलाई कार्यक्रम छनोट गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner

<u>तपसिल</u>

| क्र.सं. | समुहको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | सुन्दरखाल भेडा बाख्रा पालन कृषक समुह | नरहरिनाथ-०७ | |
| २. | पुष्पाञ्जलि भेडा पालन फर्म | नरहरिनाथ-०५ | |
| ३. | प्रदिषा पशुपंछी तथा कृषि फर्म | नरहरिनाथ-०५ | |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नरहरिनाथ गाउँपालिका वडा नं. ९ स्थित श्री जनजागरण आ.वि. सितलामा आधारभुत तह राहत अनुदानमा कार्यरत शिक्षक लोक बहादुर दर्जिलाई यस गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०७९ चैत्र २९ गतेको निर्णय अनुसार ऐ.वडा नं. ९ को श्री जनजागरण आ.वि. सितलाबाट ऐ.वडा नं. ९ श्री जनप्रभात मा.वि. श्रीकोटमा काज सरुवा गरिएकोमा दुबै बिद्यालयहरु संग लिखित र मौखिक रुपमा बुझ्दा निज शिक्षक सरुवा गरिएको र साविक कार्यरत विद्यालयमा हाजिरी नभएको विद्यालयले पटक पटक फोन म्यासेज मार्फत हाजिरी हुन जानकारी गर्दा पनि सम्पर्कमा नआएको व्यहोराका पत्र यस गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखालाई प्राप्त भएकोले निज शिक्षक हाजिरी नभएको मिति २०८० साल साउन १ देखि २०८१ असार ९ गते सम्मको तलव भत्ता तथा सेवा सुविधा उपलब्ध गराउन नसकिने निर्णय गरियो ।

**उपरोक्त बमोजिम निर्णय नं. १ देखि ९ सम्म**
**प्रमाणित गरिएको छ।**

नरेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner



Scanned with CamScanner